आज मिति २०८१ साल माघ २९ गते मंगलवार यस हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| सि. नं. | नाम थर | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री मिना कुमारी लामा | नगर प्रमुख | | |
| २ | श्री राजेश बानिया | नगर उपप्रमुख | | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ | |
| ४ | श्री विष्णु गोपाल महर्जन | वडा अध्यक्ष | २ | |
| ५ | श्री ढलक बहादुर थापा | वडा अध्यक्ष | ३ | |
| ६ | श्री नविन सिग्देल | वडा अध्यक्ष | ४ | |
| ७ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ | |
| ८ | श्री विष्णु बहादुर दहाल | वडा अध्यक्ष | ६ | |
| ९ | श्री दामोदर गौतम | वडा अध्यक्ष | ७ | |
| १० | श्री राम कृष्ण थापा | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ | |
| १२ | श्री फूर्वा दोर्जे तमाङ्ग | वडा अध्यक्ष | १० | |
| १३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ | |
| १४ | श्री अर्जुन प्रसाद तिवारी | वडा अध्यक्ष | १२ | |

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ | |
| १६ | श्री दिपक खड्का | वडा अध्यक्ष | १४ | |
| १७ | श्री सुनिल मुक्तान | वडा अध्यक्ष | १५ | |
| १८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ | |
| १९ | श्री उद्धब सत्याल | वडा अध्यक्ष | १७ | |
| २० | श्री अनिल कुमार बानिया | वडा अध्यक्ष | १८ | |
| २१ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ | |
| २२ | श्री अर्जुन बहादुर राई | कार्यपालिका सदस्य | | |
| २३ | श्री विर बहादुर विक | कार्यपालिका सदस्य | | |
| २४ | श्री शंकर राई | कार्यपालिका सदस्य | | |
| २५ | श्री पातली माया गोङ्वा | कार्यपालिका सदस्य | | पातली |
| २६ | श्री रुक्मिणी गोङ्वा | कार्यपालिका सदस्य | | |
| २७ | श्री साधना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| २८ | श्री ईश्वरी विक | कार्यपालिका सदस्य | | |
| २९ | श्री मञ्जु भुर्तेल | कार्यपालिका सदस्य | | |
| ३० | श्री सूर्य प्रसाद गौतम | सदस्य सचिव | | |

निर्णयहरु:

१) प्रस्तावः प्रगति समिक्षा सम्बन्धमा।

निर्णयः ६० औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।

२) प्रस्तावः आय व्यय सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को हालसम्म भएको आम्दानी खर्च (आय व्यय) को प्रगति विवरण जानकारी भयो ।

३) प्रस्तावः बालमैत्री स्थानीय शासनयुक्त उपमहानगरपालिका घोषणा सम्बन्धमा ।

निर्णय(क): हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त उपमहानगरपालिका घोषणा गर्नको लागि बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ बमोजिम गठित प्रदेश स्तरीय अनुगमन समितिले सोही कार्यविधिको दफा २७ बमोजिम बालमैत्री स्थानीय शासन भएको स्थानीय तह घोषणा गर्न सिफारिस गर्ने प्रतिवेदन दिए बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुरको च.नं. १९०१ मिति २०८१।१०।२९ को पत्रमा अनुगमन समितिको प्रतिवेदन सहित प्राप्त भएकोले हेटौंडा उपमहानगरपालिकालाई संवत् २०८१ साल फाल्गुण १ गते बालमैत्री स्थानीय शासनयुक्त उपमहानगरपालिका घोषणा गर्ने ।

निर्णय(ख): हेटौंडा उपमहानगरपालिकालाई मिति २०८१ साल फाल्गुण १ गते बालमैत्री स्थानीय शासनयुक्त उपमहानगरपालिका घोषणाको सन्दर्भमा हालसम्म भएको प्रगति बारेमा जानकारी भयो । साथै मिति २०८१ साल माघ १४ गते गठन भएको बालमैत्री स्थानीय शासन घोषणाको लागि गठित मञ्च व्यवस्थापन, अतिथि सत्कार र सम्मान उपसमितिबाट निर्णय भई पेश भएका संलग्न बमोजिमका व्यक्ति तथा संस्थाहरुलाई गरिने सम्मानको अनुमोदन गर्ने ।

४) प्रस्तावः बोलपत्र (टेण्डर) आह्वान सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाले राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिको क्षेत्रभित्र पर्ने नदि, नाला, खहरे, खोलाको संक्षिप्त प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरी नदीजन्य पदार्थको उत्खनन्न, संकलनको लागि सहमति माग गरी पठाइएकोमा उक्त विकास समितिको च.नं. २०० मिति २०८१।१०।२१ को पत्र बमोजिम नदीजन्य पदार्थको ३९५२१ घनमिटर उत्खनन्न र संकलनको लागि सहमति प्राप्त भएकोले प्राप्त सहमति बमोजिम सार्वजनिक खरिद ऐन, नियम बमोजिम बोलपत्र (टेण्डर) प्रक्रिया मार्फत आवश्यक प्रबन्ध प्रारम्भ गर्ने ।

५) प्रस्तावः छुट सम्बन्धमा ।

निर्णयः आर्थिक वर्ष २०८०/०८१ को आन्तरिक आय तर्फ बाइपास सडकबाट चल्ने सवारी साधनहरुमा सडक पूर्वाधार मर्मत तथा संकलन शुल्क संकलन गर्न आय ठेक्का प्राप्त गरी संकलन गरिरहेको सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.ले उक्त सडक मर्मत सम्भार गर्न वडा कार्यालयबाट ३२ दिन सडक बन्द गरेको हुँदा सो अवधिभर सडक पूर्वाधार मर्मत तथा सम्भार शुल्क संकलन गर्न नपाएकोले सो अवधिको दामासाहीले हुने आउने अनुमानित रकम रु.४३,९६,६४१।१० (त्रिचालिस लाख छयानब्बे हजार छ सय एकचालिस रुपैया पैसा दश मात्र) छुट माग गरी निवेदन पेश गरेकोमा हेटौंडा उपमहानगरपालिका राजस्व परामर्श समितिको मिति २०८१।१०।२७ गतेको निर्णयबाट उक्त प्रा.लि. र हेटौंडा उपमहानगरपालिका बीच भएको सम्झौताको बुँदा नं. १४ को अवस्थाको विद्यमानता नदेखिएको तथा उपमहानगरपालिकाबाट जारी भएको आर्थिक ऐन, २०८० मा समेत छुटको प्रावधान भएको नदेखिएकोले माग भएको विषयमा छुट दिन नसकिने भनी सिफारिस भई आए बमोजिम छुट उपलब्ध नगराउने ।

प्रमाणीकरण गरियो !
दस्तखत: ...........
नाम: सूर्य प्रसाद गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: २०८१।१०।२३

६) प्रस्तावः LISA र FRA को अंक अनुमोदन सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अनलाइन पोर्टलमा प्रविष्ट गरिएका कागजातहरुको आधारमा स्थनीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनबाट प्राप्त भएको अंक ९२.५० र स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कन कार्यविधि, २०७७ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि प्राप्त भएको अंक ७९ अनुमोदन गरी सार्वजनिक गर्ने ।

७) प्रस्तावः सिफारिस सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका वडा नं.११ सिमलटारको पूर्व, उत्तर र दक्षिण सडक, पश्चिम लक्ष्मी चित्रकारले हकभोग गर्दै आएको अन्दाजी चार कठ्ठा जमिनमा २०५३ सालमा नै सिलान्यास गरी बहुउद्देश्यिय प्रयोजन (सामुहिक अन्तरक्रिया, तालिम लगायत समसामयिक विषयमा छलफल गर्दै आएको) र हकभोग गर्दै आएको र उक्त अधुरो सामुदायिक भवन सम्पन्न गर्न आ.व. २०८१/०८२ को बजेटमा बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयबाट रु.१० लाख विनियोजन गरेको हुँदा उक्त सामुदायिक भवन निर्माण गर्ने जग्गा २०५३ सालदेखि नै हकभोग गर्दै आएको व्यहोरा खुलाई सामाजिक विकास मन्त्रालयको नाममा सिफारिसको लागि माग भए बमोजिम नियमानुसार हकभोग खुलाई सम्बन्धित निकायमा सम्झौताको लागि सिफारिस गर्ने ।

८) प्रस्तावः अनुमति तथा सिफारिस सम्बन्धमा ।

निर्णयः बोटे बोरा प्रा.लि. (Making Waves of Memories) ले हेटौंडा उपमहानगरपालिका वडा नं. ४, ५, ८ को सिमाना भई ‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌‌बग्ने कर्रा खोलामा महेन्द्र राजमार्ग देखि क्याम्पाडाँडा र सो भन्दा माथि ५०० मिटर (कुल लम्बाई ३.५ किलोमिटर) क्षेत्रमा प्यासेन्जर बोट, जेट-स्की, प्यारासाइलिङ बोट सञ्चालन गर्ने प्रयोजनार्थ वातावरण संरक्षण ऐन, २०७६, नियमावली, २०७७ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नको लागि नेपाल सरकार, पर्यटन विभागको लागि अनुमति तथा सिफारिसको माग भई आएकोमा वातावरण संरक्षण ऐन, २०७६, नियमावली, २०७७, हेटौंडा उपमहानगरपालिकाबाट जारी भएको ऐन, नियम र अन्य प्रचलित कानून बमोजिम हुने गरी उक्त क्षेत्रमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नको लागि अनुमति सहित सम्बन्धित निकायमा सिफारिस गर्ने।

९) प्रस्तावः कार्य सञ्चालन निर्देशिकाको व्याख्या सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका कार्य सञ्चालन निर्देशिका, २०८१ को दफा ३७ बमोजिम निर्देशिकाको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहेको हुँदा उक्त निर्देशिकाको दफा ३ को उपदफा (१) को खण्ड (ङ) र दफा ४ को उपदफा (३) बमोजिमको व्यवस्था खरिद (इकाइ) समिति र मूल्याङ्कन समितिको हकमा लागू हुने छैन । उक्त समितिहरुको बैठक महिनामा जति पटक बसेपनि बैठक भत्ता उपलब्ध गराउने ।

१०) प्रस्तावः आर्थिक/अनुदान/कार्यक्रम सहयोग सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकामा विभिन्न मितिमा आफ्नो आर्थिक अवस्था कमजोर भई दैनिक जीविकोपार्जन र स्वास्थ्य सम्बन्धी उपचार गर्न असमर्थ भएको विषय उल्लेख गरी वडा कार्यालयको सिफारिस सहित आर्थिक सहयोग माग भई आएका साथै विभिन्न सामाजिक, साँस्कृतिक र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन सहयोग माग भएका संलग्नबमोजिमका निवेदनहरु उपर हेटौंडा उपमहानगरपालिका विकास कार्यक्रम सहायता कार्यविधि, २०८० र अन्य प्रचलित कानून बमोजिम देहायबमोजिमको सहयोग उपलब्ध गराउने:

प्रमाणीकरण गरियो ।
दस्तखतः ...........
नामः सूर्य प्रसाद गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८१।०९।२९

देहाय

| सि.नं. | सहयोग प्राप्त गर्नेको नाम थर/कार्यक्रम | ठेगाना | सहयोग रकम रु. | खर्च व्यहोर्ने शीर्षक |
|---|---|---|---|---|
| १ | श्री मकवानपुर जिल्ला टेबल टेनिस संघ, टेबल टेनिस प्रतियोगिता सहयोग | हेटौंडा | १,००,०००।०० | युवा तथा खेलकुद शाखामा विनियोजित बजेटबाट खर्च हुने गरी |
| २ | श्री बागमती गाउँपालिका खेलकुद विकास समिति, बागमती गोल्डकप फुटबल प्रतियोगिता सहयोग | बागमती गा.पा. | २,००,०००।०० | युवा तथा खेलकुद शाखामा विनियोजित बजेटबाट खर्च हुने गरी |
| ३ | श्री सूचनाको हकको लागि राष्ट्रिय महासंघ, कार्यक्रम सहयोग | काठमाडौं | १,००,०००।०० | सामाजिक विकास महाशाखामा विनियोजित बजेटबाट खर्च हुने गरी |
| ४ | श्री ज्ञान बहादुर श्रेष्ठ, वडा सदस्य, हेटौंडा-१२, उपचार सहयोग | हेटौंडा-१२ | ५०,०००।०० | आर्थिक सहायता दिनदुखी उपचार तथा अन्य सामाजिक खाद्यान्न तथा लत्ताकपडा |
| ५ | १३ नं. वडा कार्यालय, प्रथम पदमपोखरी साँस्कृतिक महोत्सव कार्यक्रम सहयोग | हेटौंडा-१३ | २,००,०००।०० | सामाजिक विकास महाशाखामा विनियोजित बजेटबाट खर्च हुने गरी |
| ६ | श्री पदम खड्का, उपचार सहयोग र असाहय सहयोग | हेटौंडा-५ | २,००,०००।०० | आर्थिक सहायता दिनदुखी उपचार तथा अन्य सामाजिक खाद्यान्न तथा लत्ताकपडा |

**११) प्रस्ताव: प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धमा ।**

**निर्णय:** हेटौंडा उपमहानगरपालिका प्रस्तावक रहेको "हेटौंडा उपमहानगरपालिका भएर बग्ने किसेडी खोला तथा राप्ती नदिको (किसेडी खोलादेखि नवलपुर झोलुङ्गे पुलसम्म) विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा (नदिजन्य पदार्थ) दिगो रुपमा उत्खनन् तथा संकलन कार्यका लागि तयार पारिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन परामर्शदाता इन्भाइरोमेन्टल सर्भिसेज नेपाल प्रा.लि., थापाथली, काठमाडौंद्वारा तयार भई पेश हुन आएकोले उक्त प्रतिवेदन स्वीकृतिको लागि जिल्ला समन्वय समिति, मकवानपुरमा पेश गर्ने ।

प्रमाणीकरण गरियो ।
दस्तखत: ..................................
नाम: सूर्य प्रसाद गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ..................................